आज मिति २०८१ ~~कार्तिक २८~~ मंसिर १८ गतेका दिन मध्यन्न १२:४५ बजे यस ढोरपाटन नगरपालिकाका का.वा. नगर प्रमुख श्री धन बहादुर कायत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमको पदाधिकारीको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निम्न लिखित निर्णय गरियो।

**उपस्थितिहरु :-**

| हस्ताक्षर | नामथर | पद |
|---|---|---|
| | धन बहादुर कायत | का.वा.नगर प्रमुख |
| | बान बहादुर छन्त्याल | वडा नं. १ अध्यक्ष |
| | भेक बहादुर खत्री | वडा नं. २ अध्यक्ष |
| | खिम बहादुर सुनार | वडा नं. ३ अध्यक्ष |
| | तिलक पुन | वडा नं. ४ अध्यक्ष |
| | दिपेन्द्र पुन मगर | वडा नं. ५ अध्यक्ष |
| | उमेश कुमार बुढा मगर | वडा नं. ६ अध्यक्ष |
| | धन बहादुर अदै | वडा नं. ७ अध्यक्ष |
| | भन्द्रमणी सुनार | वडा नं. ८ अध्यक्ष |
| | खिम बहादुर घर्ति मगर | वडा नं. ९ अध्यक्ष |
| | विमला महत | कार्यपालिका सदस्य |
| | निम कुमारी भण्डारी | कार्यपालिका सदस्य |
| | तुलसरी वि.क. | कार्यपालिका सदस्य |
| | खगिसरा कायत | कार्यपालिका सदस्य |
| | इन्द्र कुमारी सिर्पाली | कार्यपालिका सदस्य |
| | नविन शेरचन | कार्यपालिका सदस्य |
| | दिलिप कुमार थापा | कार्यपालिका सदस्य |
| | कुल बहादुर छन्त्याल | कार्यपालिका सदस्य |
| | चिरन्जिवि घिमिरे | (सचिव) प्रमुख प्रशासकीय अधिकृत |
| | प्रकाश गैरे | प्रशासकीय अधिकृत |

**प्रस्तावहरु:**

१) सडकवोर्डको बजेट कार्यान्वयन सम्बन्धमा।

२) बाख्रा पकेटको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा।

३) व्यवसाय दर्ताको लागि थप सूचना सम्बन्धमा।

४) सहकारीहरुको मासिक प्रगति पेश गर्ने सम्बन्धमा।

५) विविध।

CamScanner

**निर्णयहरु:**

निर्णय नं. १ - प्रस्ताव नं. १ उप्पर छलफल गर्दा, सडकबोर्डबाट विनियोजित रकमबाट देहायका योजना टेण्डरबाट संचालन गर्ने गरी उपरोक्त योजना सहमती र स्वीकृतिको लागि सडकबोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

१. धौलागिरी चोक देखि स्वामीबोट चोक, ढो.न.पा. १ - रु. ७ लाख
२. टारीखेत, कुत्थाप्ला, अर्नाकोट मोटरबाटो ढो.न.पा. २ - रु. ८ लाख
३. घोसा, चाचलघाट, सामा, गुजा, तमानखोला, जोड्ने मोटरबाटो ढो.न.पा. ३ - रु. ५ लाख
४. धाइबाङ, लुकुरबन, फलामखानी मोटरबाटो ढो.न.पा. ४ - रु. ७ लाख
५. जमुनाबोट, जुगेपानी, छापडाँडा, भित्रेवन र पुरानोगाउँ छहरा ढो.न.पा. ६ - रु. ४ लाख ५० हजार
६. गाडीलुङ सिङ्गायो मोटरबाटो ढो.न.पा. ७ - रु. ५ लाख
७. जनवादी नुनथला खोला सिकारु, डम्मरे खोला, विजौले खोला ढो.न.पा. ८ - रु. ४ लाख ५० हजार
८. भगवती मन्दिर देखि भिंगलबारी मोटरबाटो स्तरोन्नती वडा नं. १ - रु. १२ लाख

निर्णय नं. २ - प्रस्ताव नं. २ उप्पर छलफल गर्दा, संघीय सरकारबाट सशर्त रुपमा विनियोजित बाखा पकेट क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले यस ढो.न.पा. को वडा नं. ६ को पुर्व तमानखोलाको वडा नं. १, २, ५ को सिमाना, पश्चिम ढो.न.पा.को वडा नं. ७, ८, ९ को सिमाना, उत्तरमा ढो.न.पा. ९ र म्याग्दीको सिमाना, दक्षिणमा ढो.न.पा. ५ को सिमाना क्षेत्रमा बाखा पकेट क्षेत्र संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उप्पर छलफल गर्दा, ढोरपाटन नगरपालिका स्तरमा सञ्चालनमा रहेका तर नगरपालिकामा दर्ता र नविकरण नभएका पसल तथा व्यवसायहरुलाई अनिवार्य दर्ता तथा नविकरणको लागि सूचना प्रकाशन गर्ने, सोको तथ्याङ्क संकलनका लागि बजार अनुगमनलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ४ - प्रस्ताव नं. ३ उप्पर छलफल गर्दा, ढोरपाटन नगरपालिका अन्तर्गत रहेका सहकारीहरुलाई नविकरण गर्ने, मासिक प्रगति पेश गर्न लगाउने र ति सहकारीहरुलाई मासिक विवरण पेश गर्न लगाउने ।

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उप्पर छलफल गर्दा देहाय बमोजिमका निर्णय गरियो ।
१. ढोरपाटन नगरपालिकाले फोहोर फाल्नको लागि वडा नं. ३ को सारनबासमा फोहोर फाल्ने स्थानमा आधा जग्गा सार्वजनिक परेको र आधा जग्गा ढो.न.पा. वडा नं. ३ का जुद्धविर वि.क.को नाममा रहेकोले निजलाई वार्षिक रुपमा सो जग्गाको भाडा स्वरुप रु. २०,०००/- (अक्षरुपी बीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२. ढोरपाटन नगरपालिकामा नगर विकास समितिको गठन गर्ने नगर विकास ऐन २०४५ को दफा ४ बमोजिम कार्यपालिकाका सदस्यहरु वडा नं. १ का वडा अध्यक्ष बान बहादुर छन्त्याल, वडा नं. २ का वडा अध्यक्ष भेक बहादुर खत्री र वडा नं. ३ का अध्यक्ष खिम बहादुर सुनारलाई समितिको सदस्य तोक्ने, र समाजसेवी मध्येबाट निल बहादुर पुन, दुर्गादेवी घर्तिलाई सदस्यको रुपमा मनोनित गर्ने र सोही समितिको सल्लाहकारको रुपमा मेषलाल शर्मा, टंक प्रसाद पौडेल र धन कुमारी कुँवरलाई तोक्ने निर्णय गरियो ।

CamScanner

३. ढोरपाटन नगरपालिकाको प्रशासकीय भवनको गत आ.व. २०८०/०८१ मा टेण्डर भएकोमा सो काम सम्पन्न भइसकेको र डिपिआर अनुसार, प्रशासकीय भवनको काम बाँकी रहेकोले सो भवनको बाउन्ड्री वाल, कोठाहरुको पाटेशन, झ्याल ढोकामा ग्रील लगायतका काम बाँकी रहेकोले सो निर्माण सम्बन्धी कामको लगत स्टीमेट तयार गरी टेण्डर गर्ने र सो भवनको फर्निचरको लागि चालु आ.व.मा रु. १९ लाख ५० हजार विनियोजन भएकोले सोको सिल कोटेशन मार्फत खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. यस ढोरपाटन नगरपालिकामा सञ्चालित बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नती भई प्रादेशिक अस्पताल (५० सैयाको अस्पताल) स्थापना गरी सञ्चालन गर्ने निर्णय भएकोले सो अस्पतालको उद्‍घाटन मिति २०८१ पौष १२ गते ढोरपाटन नगरपालिका भित्र सार्वजनिक बिदा दिने र सबैलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

५. ढोरपाटन नगरपालिकाको व्याक्हुलोडरले ढोरपाटन नगरपालिका वडा नं. ७ मा मोटरबाटो खन्ने कममा दुइ ओटा मोटरबाइकमा क्षति पुर्याएको र एक जना घाइते भएकोले घाइतेलाई उपचार खर्च प्रदान गर्ने, क्षतिग्रत २ वटा बाइक मर्मत गरी भुक्तानी दिने निर्णय गरियो ।

६. मिति २०८१ मंसिर ८ गते व्याक्हुलोडर वडा नं. ३ मा बाटो बनाउने कममा दुर्घटना भई प्रहरी मुचुल्का अनुसार, सो व्याकहुलोडर पुर्ण रुपमा क्षति भएकोले सो व्याक्हुलोडर उठाई ल्याउने र सो दुर्घटनामा परी घाइते भएका अपरेटर सुरेन्द्र परियार मिशन अस्पताल पाल्पामा उपचाररत रहेको निजलाई लाग्ने औषधी उपचार बिल अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

देहाय बमोजिमका व्यक्ति संस्थालाई देहाय बमोजिम रकम प्रदान गर्ने
क) व्याक्हुलोडरले क्षति पुर्याएको पहिलो बाईक मर्मत बापतको रु. ५०००० भुक्तानी दिने
ख) निसीखोला गाउँपालिकाले आयोजना गरेको खेलकुद प्रतियोगितामा यस पालिकाबाट सहभागी हुने भलिवल खेलाडीहरुको लागि प्रस्ताव र विल भरपाई बमोजिम संस्था मार्फत भुक्तानी हुनेगरी रु. १००००० प्रदान गर्ने
ग) ढोरपाटन लायन्स क्लवको आयोजना र ढो.न.पा.को आर्थिक सहयोगमा सञ्चालित आँखा सिविरमा डाक्टर लगायत आँखा सिविरमा काम गर्ने व्यक्तिहरुले खाजा खाना वापत गरेको खर्च रु. ७०००० स्नेहा होटललाई प्रदान गर्ने ।

७. आर्थिक सहयोग, कृषि/पशु अनुदान, गरीव सिफारिस, अपाङ्गता सिफारिस, योजना माग गरिएको सिफारिस दस्तुर नलिने र योजना परिसकेका योजनाको हकमा सिफारिस दस्तुर लिने निर्णय गरियो ।

७. आर्थिक सहयोग, कृषि/पशु अनुदान, गरीब सिफारिस, अपाङ्गता सिफारिस, योजना माग गरिएको सिफारिस दस्तुर नलिने र योजना परिसकेका योजनाको हकमा सिफारिस दस्तुर लिने निर्णय गरियो ।

८. ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत वार्षिक कार्यक्रम बमोजिम अस्तु, मस्ति, जगबडा पर्यटन पदमार्गको लागि रु.३,६०,००,०००।– बजेट विनियोजन भएको र सो योजना कार्यान्वयनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को उफा २९ बमोजिम परामर्शदाता मार्फत सोहि शीर्षक बाट दायित्व व्यहोर्ने गरि प्राविधिक लाई बमोजिम डिपिआर कार्य अगाडि बढाउने निर्णय गरियो ।

धन बहादुर कावत
का.वा.नगर प्रमुख